आज मिति २०७६ जेष्ठ १७ गतेका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

उपस्थिति

नगर प्रमुख श्री गुमानसिंह अर्याल
नगर उप प्रमुख श्री लक्ष्मीदेवी अधिकारी
वडाध्यक्ष-१ श्री बलराम श्रेष्ठ
वडाध्यक्ष-२ श्री गणेश बहादुर कुंडेल
वडाध्यक्ष-३ श्री सुर्य कुमार श्रेष्ठ
वडाध्यक्ष-४ श्री लाल विर गुरुङ
वडाध्यक्ष-५ श्री वम बहादुर गुरुङ
वडाध्यक्ष-६ श्री भोज बहादुर रिमाल
वडाध्यक्ष-७ श्री गोविन्द बस्नेत
वडाध्यक्ष-८ श्री पवित्रा थापा राना
वडाध्यक्ष-९ श्री शरद बराल
वडाध्यक्ष-१० श्री पूर्ण बहादुर थापा
वडाध्यक्ष-११ श्री अच्युत बाबु बगाले
कार्यपालिका सदस्य श्री विष्णु माया राना
कार्यपालिका सदस्य श्री मन्दिरा दर्लामी
कार्यपालिका सदस्य श्री मनमाया गुरुङ
कार्यपालिका सदस्य श्री आशा तामाङ
कार्यपालिका सदस्य श्री कृष्ण नेपाली
कार्यपालिका सदस्य श्री देव बहादुर गहतराज
कार्यपालिका सदस्य श्री दोज बहादुर खवास
कार्यपालिका सदस्य श्री अजय मजाकोटी
सदस्य सचिव(प्र.प्र.अ.) श्री मोहन प्रसाद मरासिनी

अन्य उपस्थिति

श्री दुध प्रसाद घले पुरातत्वविद्‌ता वेनपा
श्री सन्तोषी के.सी. लेखा अधिकृत वेनपा
श्री महेन्द्र पोखरेल कार्यक्रम अधिकृत वेनपा
श्री कृष्ण के.सी. प्रेस सल्लाहकार वेनपा
श्री घनश्याम तिवारी रोजगार संयोजक वेनपा

## निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकको निर्णयको समीक्षा सम्बन्धमा ।**

कार्यपालिकाको गत मिति २०७६/०२/८ को बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा जानकारी भई समीक्षा गरियो ।

**निर्णय नं २ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आवको कार्यक्रम सम्बन्धमा**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको प्रधानमन्त्री रोजगार कार्यक्रम को कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि २०७६ अनुसार चालु आव २०७५।०७६ मा यस नगरपालिकालाई प्राप्त शसर्त अनुदानबाट सो कार्यविधि वमोजिम कामका लागि पारिश्रमिक (Cash for Work) ढाँचामा विभिन्न आयोजनाहरु छनौट गरी चालु आव भित्र सम्पन्न गर्नको लागि प्रति वडा रु ३ लाखका दरले ३३ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : बजेट रकमान्तर सम्बन्धमा ।**

चालु आव अ.ल्या. शिर्षकबाट माग/निवेदन तथा प्रस्तावनामा आधारित विभिन्न फुटकर योजनाहरुको लागि विनियोजित रकम अपुग हुन गई विभिन्न सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको समेत भुक्तानी दिन नसकिएको हुँदा अ.ल्या. अन्तर्गत नयाँ कार्यालय भवनको आन्तरिक व्यस्थापन शिर्षकबाट रु १५०००००।- (पन्ध्र लाख मात्र) फुटकर योजना शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : जिल्ला सामुदायिक अस्पतालमा सहयोग सम्बन्धमा ।**

लमजुङ जिल्ला सामुदायिक अस्पतालमा भर्ना हुने बेसीशहर नगरपालिकाका विरामीहरुको लागि चालु आवमा नगरपालिकाबाट उपलब्ध गराइएको खाना सहयोग वापतको रकम खर्च भै अपुग भएको हुँदा सो कार्यक्रमको लागि लमजुङ जिल्ला सामुदायिक अस्पताललाई रु ३,००,०००।- (तीन लाख मात्र) अ.ल्या. फुटकर शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । साथै यस सम्बन्धी अनुगमन कार्यको लागि वडाध्यक्ष पवित्रा थापा रानाको संयोजकत्वमा कार्यपालिका सदस्य देव बहादुर गहतराज र विष्णुमाया राना समेत सदस्य रहेको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : चालु आवमा शहरी स्वास्थ्य केन्द्रको अपुग तलब सम्बन्धमा ।**

यस नगरपालिका अन्तर्गत विभिन्न शहरी स्वास्थ्य केन्द्रमा कार्यरत कार्यलय सहयोगीहरुको लागि शसर्त शिर्षकमा तलव भत्ता रकम अपुग भएको हुँदा अपुग रकम रु.४,१४,०००।- (चार लाख चौध हजार मात्र) नगरपालिकाको निशर्त चालु खर्च शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : निर्देशक समिति गठन सम्बन्धमा ।**

रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम १४ वमोजिम नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि यस बेसीशहर नगरपालिकामा रहने स्थानीय निर्देशक समितिमा निम्न वडाध्यक्षहरुलाई तोक्ने निर्णय गरियो ।

**निम्न :**

१. श्री भोज बहादुर रिमाल, वडाध्यक्ष, बेनपा-६

२. श्री गणेश कँडेल, वडाध्यक्ष, बेनपा-२

**निर्णय नं ७ : सडक बोर्डबाट प्राप्त थप रकमको योजना छनौट सम्बन्धमा ।**

सडक बोर्ड नेपाल काठमाण्डौको मिति २०७६।२।९ च.नं १९४२ को प्राप्त पत्रानुसार चालु आवमा सडक मर्मत सम्भार कार्यको लागि थप रु २५०००००।- (पच्चीस लाख मात्र) प्राप्त भएको हुँदा सडक बोर्डको सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शन समेतको आधारमा कार्यान्वयन गर्ने गरी सो रकम साविककै उदीपुर रिठ्ठेबगर सडकमा विनियोजन गरी निर्माण कार्य चालु आ.व. भित्रै सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : प्लम्बिङ तालिममा सहयोग सम्बन्धमा**

बेसीशहर नगरपालिकाको समन्वय र ग्रामीण तालिम केन्द्र सिम्पानीको आयोजनामा बेसीशहर नगरपालिका २ भकुण्डेमा सञ्चालन भएको ६५ दिने प्लम्बिङ तालिममा सहभागीहरुलाई यातायात खर्च तथा तालिम सञ्चालन हल भाडा समेतको लागि यस बेसीशहर नगरपालिकाबाट रु २,००,०००।- (दुई लाख मात्र) नगरपालिकाको खानेपानी क्षेत्रको पूर्ण सरसफाई कार्यक्रम सहयोग शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : साविक बेसीशहर गाविसको कार्यालय भवन स्तरोन्नति सम्बन्धमा**

बेसीशहर नगरपालिका वडा नं ८ मा रहेको साविक बेसीशहर गाविस कार्यालय भवनको तला थप गरी ट्रसले छाउने लगायतको कार्यको लागि अ.ल्या. शिर्षकको नयाँ कार्यालय भवनको आन्तरिक व्यवस्थापन शिर्षकबाट रु. १०,००००० (दश लाख मात्र) विनियोजन गरी प्रक्रिया वमोजिम निर्माण कार्य अघि बढाइहाल्ने निर्णय गरियो ।

**निर्णय नं १० : बैकल्पिक ऊर्जा तर्फको कार्यक्रम सम्बन्धमा**

चालु आव बैकल्पिक ऊर्जा तर्फको सशर्त कार्यक्रम सम्बन्धमा छलफल हुँदा देहाय अनुसार गर्ने निर्णय गरियो ।

***देहाय :***

(क) सौर्य ऊर्जा प्रविधि जडानतर्फको रु ६ लाख ४८ हजार बाट वडा नं ४, ६ र ११ को वडा कार्यालयमा सोलार बत्ति जडान गर्ने ।

(ख) बायोग्याँस जडान शिर्षकमा विनियोजित रकम रु १२ लाख ६० हजारबाट नगरपालिका भित्र यस वर्ष नयाँ निर्माण तथा जडान गरिएका बायोग्याँस प्लान्टहरुलाई आवश्यक विधि र प्रक्रिया अपनाइ प्रति बायोग्याँस प्लान्ट रु २०,०००।- (बीस हजार) का दरले अनुदान उपलब्ध गराउने ।

(ग) सुधारिएको चुलो (वायोमास) प्रविधि जडानतर्फको रकम रु ५० हजार र ऊर्जाको उत्पादनमूलक परिप्रयोगतर्फको रु १ लाख गरी जम्मा रु १ लाख ५० हजारबाट सुधारिएको चुलो खरीद गरी वितरण गर्ने ।